सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक

# ज्योती जागरण

Jyoti Jagran Daily

वर्ष: २ | अंक : १२७ | वि.सं. २०७९ मंसिर २१ गते बुधबार | 07, 2022 Wednesday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## जसपा अध्यक्ष यादव र बरिष्ठ नेता राईबिचको सम्बन्धमा खटपट, पार्टी विभाजनको संघारमा

**वीरगञ्ज, २० मंसिर ।** जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादव र वरिष्ठ नेता अशोक राईबीचको सम्बन्धमा खटपट आएको छ ।

मंसिर ४ गतेको निर्वाचनमा एमालेसँग सहकार्य गरेको जसपाले अब सहकार्य अघि बढाउने कि तोड्ने भन्ने विषयले दुई नेताको सम्बन्ध चिसिएको हो । यादवले सोमबार विराटनगरबाट काठमाडौं आउने क्रममा एमालेसँगको सहकार्यको औचित्य समाप्त भएको अभिव्यक्ति दिएका थिए ।



यादवको अभिव्यक्तिले अब जसपा सरकार गठनमा सत्ता गठबन्धनसँग नजिकिएको रुपमा बुझिएको छ । यादव आँफै सप्तरीबाट चुनावमा पराजित भए । यादवको बुझाईमा एमाले-जसपा सहकार्यमा एमालेलाई नै बढि लाभ भएको छ । उनले आफूहरुको सहकार्य चुनावी प्रयोजनको लागि मात्रै भएकोले अब चुनाव सकिएपछि सहकार्यको औचित्य समाप्त भएको बताउन थालेका छन् ।

तर, वरिष्ठ नेता राई भने एमालेसँग नै मिलेर अघि बढ्नुपर्ने पक्षमा छन् । कतिपयले यादव र राईको विवादले जसपा नै विभाजन हुने त होईन ? भनेर प्रश्न उठाएका छन् । जसपामा अहिले निर्वाचित सांसदहरुमध्ये अधिकांश सांसद अध्यक्ष यादवसँग रुष्ट छन् । उनीहरुले वरिष्ठ नेता राईलाई नै साथ दिने बुझिएको छ ।

## स्वतन्त्रबाट निर्विरोध चुनाव जितेका मनाङे नेकपा एसमा प्रवेश



वीरगन्ज ,१९ मंसिर । मनाङबाट स्वतन्त्र रुपमा निर्विरोध चुनाव जितेका प्रदेश सभा सदस्य राजीव गुरुङ उर्फ दिपक मनाङे नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेका छन् ।

मनाङ (ख) बाट चुनाव जितेका उनी सोमबार काठमाडौंमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालको हातबाट टीका र माला लगएर एकीकृत समाजवादीमा प्रवेश गरेका हुन् ।

गण्डकी प्रदेशसभामा मनाङे अब एकीकृत समाजवादीको सिङ्गल सांसद हुनेछन् ।

उनका लागि छुट्टै कार्यालय संसदले व्यवस्था गर्नेछ ।

## पंकजबिरूद्ध महोत्तरीकी नेहाले दर्ता गरिन् दुई मुद्दा, अस्पतालबाट निकालिए पंकज



काठमाडौं, मंसिर २० गते ।

दाइजोको माग गर्दै घरेलु हिंसामा परेकी आरोप लगाएकी महोत्तरीकी नेहा चौधरीले श्रीमान् पंकज चौधरीविरुद्ध दुईओटा मुद्दा दायर गरेकी छन्। नेहाले मनग्य दाइजो र सुन दिएपनि अझै धेरै दाइजोको माग गर्दै आफूलाई पटक-पटक शारीरिक तथा मानसिक यातना दिएको भन्दै डाक्टर समेत रहेका श्रीमान् पंकजविरुद्ध जिल्ला अदालत महोत्तरीमा मुद्दा दायर गरेकी हुन्।नेहाले घरेलु हिंसा र दाइजो सम्बन्धी मुद्दा दायर गरेकी छन् ।

महोत्तरीको औरही नगरपालिका १ घर भएकी नेहा र सोही जिल्लाको रामगोपालपुर नगरपालिका ५ घर भएका पंकजबीच गत फागुनमा विवाह भएको थियो। विवाहको केही समयदेखि नै पर्याप्त दाइजो नदिएको निहुँमा श्रीमान् र परिवारले शारीरिक तथा मानसिक यातना दिन सुरु गरेको नेहाको गुनासो छ।

यता, ग्रान्डी अस्पतालमा जनरल फिजिसियनका रुपामा कार्यरत पंकजको यो घटना बाहिरिएसँगै अस्पतालबाट बर्खास्त भएका छन् ।

यता, पंकजले आफु कुनै हिंसा र दाइजो नलिएको दाबी गर्दै आएका छन् ।

## ज्यालादारी कर्मचारीको तलब रोक्का



राजविराज – राजविराज नगरपालिकाले दैनिक ज्यालादारीका अधिकांश कर्मचारीको तलब रोक्का गरेको छ । कार्यालयमा आवश्यक नै नभएको कर्मचारी तोक आदेशका

***बाँकी तेश्रो पृष्ठमा***

## सिरहामा अनुमतिबिनाका अस्पताल छ्यापछ्याप्ती, नियामक निकाय मूकदर्शक

**सिरहा । सिरहामा नियामक निकायको मिलोमतोमा मापदण्डविपरीत अनुमतिबिनाका अस्पताल तथा पोलिक्लिनिकहरू छ्यापछ्याप्ती खुल्न थालेका छन् ।**

**नियमनकारी निकायको मौनता कारण लहान, धनगढीमाई, गोलबजार, मिर्चैया, सिरहा सदरमुकाम लगायतमा सयौँको सङ्ख्यामा अनुमतिबिना नै अस्पताल तथा क्लिनिकहरू सञ्चालन भएका हुन् ।**

**स्थानीय निकाय, प्रहरी प्रशासनकै सेटिङमा अनुमतिबिनाका, मापदण्डविपरीत अवैध अस्पताल तथा क्लिनिकहरू सञ्चालन भएको छ ।**

**लहान नगरपालिकामा मात्र सयौँको सङ्ख्यामा क्लिनक तथा अस्पतालहरू सञ्चालनमा रहे पनि जम्मा ४ वटा अस्पताल र ६ वटा**





**क्लिनिकलेमात्र अनुमति लिएको स्वास्थ्य शाखा प्रमुख जगदिश मण्डलले जानकारी दिए ।**

**स्वास्थ्य शाखा प्रमुख मण्डल आफैँले लहान ८ मा सञ्चालन गरेको मण्डल क्लिनिकसमेत दर्ताको नभएको नाम नखोल्ने सर्तमा एकजना स्वस्थ्यकर्मीले बताए ।**

**उनले भने, 'नियमनकारी निकायले नै दर्ता प्रक्रियाको लागि फाइल पेस गर्ने क्लिनिक तथा अस्पतालसँग अवैध रकम लिएर सञ्चालन गर्ने छुट दिएको छ। गोलबजार नगरपालिकामा पनि बिनादर्ताको अस्पताल तथा क्लिनिकहरू छ्यापछ्याप्ती खुलेपनि नियमनकारी निकाय मौन रहेको देखिन्छ।**

**गोबजारको मुख्य बजारक्षेत्र ४ र ६ नम्बर वडा तथा ७ र ८ नम्बर चोहर्वामा अनुमतिबिनै तीन दर्जनभन्दा बढी अस्पताल तथा क्लिनिकहरू नियम कानुनविपरीत सञ्चालन भए पनि जनप्रतिनिधि तथा स्वास्थ्य शाखाका कर्मचारीहरू भने मौन सर्मथन गरेझैं गुमनाम बसेका छन् ।**

**सम्बन्धित निकायबाट अनुमति नलिएको, विशेषज्ञ डाक्टरको नाममा योग्यता नपुगेका स्वास्थ्यकर्मीले उपचार गर्दै आएको, उपचारको नाममा बिरामीसँग बढी रकम असुली गर्ने**

***बाँकी तेश्रो पृष्ठमा***



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# सत्तामोह र जनअपेक्षा

**लोकराज बराल**

राजनीति, पैसा र यौनबाट मानिसले हतपत मुक्ति पाउँदैन । तृष्णा मेटाउन धेरै ठूलो त्याग र दृढ संकल्प चाहिने रहेछ । शक्ति र लोकप्रियताको चुचुरोमा पुगिसकेका, मलेसियाका भूतपूर्व प्रधानमन्त्री मोहम्मद महाथिरले ९७ वर्षको उमेरमा संसदीय चुनाव लड्दा आफ्नो जमानतसम्म गुमाए ।

उनले मलेसियाको विकासमा उल्लेख्य योगदान गरेका थिए र बारम्बार प्रधानमन्त्री पनि बनेका थिए । यतिले उनको तृष्णा मेटिएनछ र यो उमेरमा पनि संसदीय चुनाव लडे । चुनाव परिणामले उनले जनताको मनोविज्ञान बुझ्न नसकेको पुष्टि गर्‍यो ।

निकै थोरै नेताहरू मात्र राजनीतिक शक्ति पहिचान गरी सत्ताबाट अलग हुन सक्छन् । नेल्सन मन्डेलाले जनप्रियताको उचाइमा पुगी एकपल्ट राष्ट्रपति भएपछि अर्को कार्यकाल चाहेनन् ।

यसले गर्दा उनको इज्जत विश्वव्यापी रूपमा झन् बढ्यो । यदि उनी सत्तालिप्सामा लागेका भए यो सम्मान सधैंका लागि रहने थिएन । यही उदाहरणमा भोटाङका राजा जिग्मे सिंगे वाङचुकलाई पनि लिन सकिन्छ । निरंकुश राजतन्त्र भएको देशमा आफू आजीवन राजा हुने सम्भावना रहे पनि उनी ५४ वर्षको उमेरमा छोरालाई गद्दी सुम्पिएर साधनामा लागे ।

महात्मा गान्धीले चाहेका भए आफैं राष्ट्रपति र प्रधानमन्त्री बन्न सक्थे । नेपालमा पनि गणेशमान सिंहले राजा वीरेन्द्रले प्रधानमन्त्री बन्न आग्रह गरे पनि आफ्ना कठिनाइ सुनाउँदै कृष्णप्रसाद भट्टराईको नाउँ सिफारिस गरे । आज पश्चिमेली देशका धेरै नेताहरू आफ्ना दलले चुनाव हारे या आफैंले लिएको निर्णय जनताले नरुचाए सहज रूपमा सत्ता वा दलको नेताबाट अलग भएका प्रमाणहरू पाइन्छन् ।

राहुल गान्धीले आफ्नो दलले निर्वाचनमा कमजोर प्रदर्शन गरेपछि दलको अध्यक्षबाट राजीनामा गरे तर उनी आज भारतीय कांग्रेस (आई) लाई जगाउन भारत यात्रामा लागेका छन् । हालै ताइवानकी राष्ट्रपतिले आफ्ना उम्मेदवारले चुनाव हारेकाले कार्यकारी राष्ट्रपतिजस्तो शक्तिशाली पदबाट राजीनामा दिने घोषणा गरिन् ।

लोकतन्त्र सञ्चालन कानुनी वा तकनिकी आधारमा मात्र सम्भव हुँदैन, केही न केही मात्रामा नैतिकता या सिद्धान्त अनुसरण गर्नैपर्छ ।

नेपालमा चाहिँ कानुनी छिद्र खोज्दै वा कानुनलाई आफ्नै अनुकूल व्याख्या गर्दै राज्य सञ्चालन गर्नपट्टि लाग्दा व्यवस्थापकीय मर्यादा सकिने र अस्थिरता हावी हुने प्रवृत्ति बढ्ने गरेको छ । राजा ज्ञानेन्द्रले संविधानको धारा १२७ को प्रयोग गर्दै सत्ता विकृति बढाएर वा राष्ट्रपतिले नागरिकता विधेयक अनुमोदन नगरेर वा केपी ओलीले प्रतिनिधिसभा विघटन गरेर संविधानको मर्म पछ्याए भन्न ठ्याम्मै मिल्दैन । नेपालमा आफ्ना दलले नराम्ररी चुनाव हार्दा पनि शीर्ष नेताहरूले राजीनामा गरेको उदाहरण पाइँदैन ।

मीनेन्द्र रिजालले कांग्रेस महामन्त्रीको पदमा हारेपछि रक्षामन्त्रीबाट राजीनामा दिएका थिए । पञ्चायतकालमै पनि चित्त नबुझ्दा वा अरू सन्दर्भमा नैतिकताका आधारमा राजीनामा गर्नेहरू थिए ।

लोकतन्त्र सञ्चालन गर्ने तरिकामा नौलानौला प्रयोग भइरहेका छन् जुन लोकतन्त्रकै लागि घातक हुनेछन् । राजनीतिमा सिद्धान्त गौण भएको छ, नेतातन्त्र नै लोकतन्त्र भएको छ । नेताहरूले जस्तोसुकै अक्षमता देखाए पनि जनताले तिनैलाई जिताउने गरिरहेका छन् ।

एकातिर नेताको विकल्प खोजिएको छ, अर्कातिर तिनै दलका नेताहरू कुनै न कुनै रूपमा सरकार बनाउने प्रपञ्चमा लागेका छन् । तिनै सीमित व्यक्तिहरूमध्ये कोही एक जना सरकारको नेतृत्व गर्न आतुर छन् ।
२०७९ सालको आम निर्वाचनले केही नयाँ संकेत दिए पनि राजनीतिको मूल स्वरूपमा कुनै नौलोपन आउने सम्भावना देखिँदैन । दोस्रो पंक्तिका केही नेता हारे, केही नयाँ दल उदाए । ती नयाँ दलको धरातल अझै तय भइसकेको छैन ।

आक्रोश र निराशाको लहरले परिवर्तनको संकेत देखाए पनि ती कति स्थायी र व्यवस्थित हुन सक्छन्, अहिले नै ठोकुवा गर्ने आधार पाइँदैन । मानिस उमेरले मात्र बूढो हुने होइन । कुनै युवा शारीरिक रूपमा योग्य भए पनि सोच र सिद्धान्त अग्रगामी छैन भने उसबाट के आशा गर्ने ?
अहिले नयाँ दलहरूको उत्पत्ति र भविष्यबारे चर्चा चल्न थालेको छ । कुनै पनि दलको उत्पत्ति कि क्रान्ति सम्पन्न गर्न र पछि व्यवस्थापकीय भूमिका खेल्ने उद्देश्यले हुन्छ, कि त व्यवस्थाभित्र नै अभ्यासक्रममा दलहरू अस्तित्वमा आउँछन्, जस्तो- बेलायत, अमेरिका र अन्य देशमा । अथवा, क्षेत्रीय मुद्दाका आधारमा क्षेत्रीय दलहरू गठन भई बिस्तारै सम्पूर्ण राजनीतिलाई प्रभाव पार्ने भूमिकामा रहने हुन्छन् ।

भारतमा क्षेत्रीय दल गठनका आधार क्षेत्रीय-जातीय विषयले निर्धारण गरेको र यिनै क्षेत्रीय दलले राष्ट्रिय राजनीतिलाई प्रभाव पारेको वा कुनै बेला क्षेत्रीय दलकै वर्चस्व बनेको पाइन्छ । घोर निराशा, आक्रोश र बेथितिले गर्दा केही जोसिला युवाले ल्याएको यथास्थितिविरोधी लहर

बाँकी तेश्रो पृष्ठमा

# उठीबासले दिँदैन समाधान

**जगत देउजा**

विगतझैं यसपालिको निर्वाचनमा पनि सुकुम्बासी समस्या जल्दोबल्दो रूपमा उठ्यो । सुकुम्बासी मतदाताले जग्गाधनी पुर्जा पाउन नसकेको पीडा पोखे । उम्मेदवारहरूले आफूलाई जिताए जग्गाधनी पुर्जा पक्का हुने आश्वासन दिए । राजनीतिक दलहरूका घोषणापत्रमा पनि सुकुम्बासीलाई जग्गाधनी पुर्जा उपलब्ध गराउने विषय छुटेको छैन ।
सिन्धुपाल्चोक र काभ्रेको सीमामा रहेका बेलडाँडा, दोलालघाट र वनदेउका करिब २ सय मतदाताले आफू बसेको जग्गाको धनीपुर्जा वर्षौंको प्रयासमा पनि पाउन नसकेको भन्दै मतदान बहिष्कार गरे । चुनावलगत्तै काठमाडौं महानगरपालिकाको थापाथलीस्थित वाग्मती किनारको घटनाले सुकुम्बासी समस्याबारे अनेक टीकाटिप्पणी भइरहेका छन् । अर्को चुनावसम्म यो समस्या यथोचित ढंगले किनारा लाग्ला ? वा, यही स्थिति रहला ? चासो सर्वत्र छ ।
सुकुम्बासी नेपालको पुरानो र जटिल समस्या हो । समस्या समाधानको प्रयास हुँदै नभएको चाहिँ होइन । यसका लागि गठित विभिन्न आयोगमध्ये केहीले जग्गाधनी पुर्जा वितरण गरेका छन् । तर २०४६ सालपछि सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने जिम्मेवारी पाएका आठ आयोगमध्ये दुइटाले मात्र प्रतिवेदन सार्वजनिक गरेका छन् । वितरित जग्गा ककसले पाए, यकिन विवरण पाउन मुस्किल छ ।
ती आयोगहरूले काम गर्न नसक्नुका थुप्रै कारण छन् । तीमध्ये प्रमुख हुन्- अपर्याप्त नीतिगत कानुनी व्यवस्था, केन्द्रीकृत कार्यप्रणाली, प्राविधिक जनशक्तिको अभाव, सरकार फेरिएसँगै आयोगको विघटन, अन्तरनिकाय समन्वय अभाव, समाधान प्रक्रियामा सुकुम्बासी समुदायको सहभागितामा बन्देज । भूमि सम्बन्धी ऐनको आठौं संशोधन-२०७६ हुनुअघिसम्म सुकुम्बासी कसलाई भन्ने, तिनको व्यवस्थापन कसरी गर्ने भन्नेबारे कानुनमै कुनै ठोस व्यवस्था थिएन । सरकार फेरिएपिच्छे केवल गठन आदेशको भरमा आयोगहरू बनाइए । कानुनको अभाव देखाएर पछिल्लो पटक २०७१ सालमा सर्वोच्च अदालतले शारदाप्रसाद सुवेदीको आयोगलाई काम अघि नबढाउन आदेश गरेको थियो ।
अव्यवस्थित बसोबासीबाहेक सुकुम्बासी परिवारको संख्या ३-४ लाख हाराहारी रहेको अनुमान छ । ठूलो संख्या भएका कारण यो समुदायलाई राजनीतिक दलहरूले भोट बैंकका रूपमा लिएका छन् । यो समस्याप्रति दलहरूका दृष्टिकोणमा केही भिन्नता पनि छ । तर आम रूपमा वास्तविक सुकुम्बासीको व्यवस्थापन गर्ने विषयमा दलहरूका दस्तावेज र सार्वजनिक अभिव्यक्तिहरू सकारात्मक नै छन् । यति हुँदाहुँदै पनि सरकार फेरिएपिच्छे आयोग विघटन गर्ने र नयाँ बनाउने खेल समस्या समाधानमा ठूलो तगारो बनेको छ । समाधानभन्दा पनि कसले जस लिने भन्ने विषय प्रमुख भएको छ । वा, केही दल मनबाटै यो समस्या समाधानमा इच्छुक छैनन् ।
सुकुम्बासी परिवारको यकिन लगत तयार पार्न असम्भव नभए पनि चुनौतीपूर्ण पक्कै छ । आयोगका जिल्ला समितिहरूले सूचना निकालेर निवेदन संकलन गरेका आधारमा मात्र सम्भव हुने विषय थिएन यो । अधिकांश जिल्ला समितिले सूचनाका भरमा निवेदन संकलन गरे, ती सूचनालाई विश्लेषण गर्न सकेनन् । पछिल्लो समय त वास्तविक सुकुम्बासीहरू हैरान भएर निवेदन दिन पनि अनिच्छुक देखिए ।
सुकुम्बासी व्यवस्थापनका लागि राजनीतिक अठोट चाहिन्छ नै, प्राविधिक ज्ञान-सीप पनि उत्तिकै जरुरी छ । संकलित विवरणको विश्लेषण, जग्गाको नापनक्सा, भूउपयोग निर्धारण, जग्गाधनी पुर्जा तयारीजस्ता काममा प्राविधिक ज्ञान-सीपको आवश्यकता पर्छ । आयोग र जिल्ला समितिमा बस्नेहरू सबै दृष्टिले योग्य हुनुपर्छ । आयोगको जिल्ला समितिहरूमा बसेका मालपोत, नापी, वन, जिल्ला प्रशासन, जिल्ला समन्वय समिति आदिका सदस्यहरूको मूल जिम्मेवारी अन्त हुने र यहाँ समय दिन नभ्याउने समस्या पनि ठूलै छ । कतै फसिन्छ कि भन्ने डरले निर्णय गर्नबाट सकभर पन्छिने प्रवृत्ति पनि बनेको छ । समस्या समाधान नहुनुको अर्को मूल कारण हो- सुकुम्बासीहरूको सहभागिता निवेदन दिनमा मात्र सीमित तुल्याइनु । जुन वर्गको अधिकार सुनिश्चित गर्ने भनिएको हो, उसैलाई बढीभन्दा बढी सहभागी नगराई समाधान कसरी निस्किन्छ ? विडम्बना, यस प्रक्रियामा गैरसुकुम्बासीको सहभागिता ज्यादा छ । सुकुम्बासी समाधान गर्न नसकिने समस्या होइन । यो समस्याको आकार गत दशकको भन्दा अहिले घटिसकेको छ । ठूलो संख्याका सुकुम्बासी परिवारले स्वदेश र विदेशमा समेत घडेरी जोडेका छन् । त्यति गर्न नसक्नेहरू अझै सुकुम्बासी छन् । यी सबैलाई सरकारले नयाँ ठाउँमा जग्गा खोजेर दिनुपर्ने होइन, अहिले बसिरहेकै जग्गा दर्ता गरिदिँदा समस्या हल हुन्छ । यीमध्ये जोखिम क्षेत्रमा रहेका एवं कानुनले दिन नमिल्ने क्षेत्रमा बसोबास गरेका सुकुम्बासीमध्ये करिब एकचौथाइलाई भने अन्यत्र जग्गा खोजेर व्यवस्थापन गर्नुपर्ने हुन्छ । विस्थापन वा उठीबासले समाधान दिँदैन, समस्या झन् चर्काउँछ ।
सुकुम्बासी समस्या समाधानका लागि तीनै तहका सरकार मिलेर काम गर्नुपर्ने संवैधानिक व्यवस्था छ । यही हिसाबले संघीय सरकारले भूमि आयोग बनाई काम अघि बढाएको छ । स्थानीय सरकारको अगुवाइमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत लिने काम भइरहेको छ ।

लगत संकलनलाई अभियानकै रूपमा लिई निश्चित समयभित्र सक्नुपर्छ, वडा एवं पालिकास्तरमा त्यसको सत्यापन गराउनुपर्छ । अर्थात्, देशभरका स्थानीय तहमा भूमिहीन सुकुम्बासीको प्रमाणीकृत लगत तयार गर्नु यो समस्या समाधानको पहिलो र आधारभूत कार्य हो ।
प्रमाणीकृत लगत भएपछि व्यवस्थापनको योजना बनाउन सजिलो हुन्छ । बढी समय र स्रोत लाग्ने भनेको जग्गाको नापनक्सा तयारीमा हो । यसका लागि हाल परिचालित जनशक्ति पर्याप्त हुँदैन । यसो हुँदा जग्गा नापनक्साका लागि आधुनिक प्रविधि अपनाई अमिन र सर्वेक्षकको संख्या थप्नुपर्छ । यो कामलाई तीव्रता दिन स्थानीय तहले आयोग वा नापी विभागले तोकेको गुणस्तर अनुरूप हुने गरी आफैं नापी गर्न सक्ने व्यवस्था हुन आवश्यक छ ।

भूमि सम्बन्धी ऐनको दफा ५२ ख मा स्थानीय तहको अगुवाइमा भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत लिनुपर्ने, उनीहरूको छानबिन हुनुपर्ने, स्थानीय तहले भूउपयोग क्षेत्र नक्सा बनाई लागू गर्नुपर्ने र अति जोखिम स्थान वा कानुनले निषेध गरेको स्थानमा रहेका परिवारको हकमा विकल्प दिएर मात्र स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ ।

जग्गा वितरण भूउपयोग क्षेत्रको प्रतिकूल हुनु हुँदैन । कुन क्षेत्र जोखिमपूर्ण हो वा होइन भनी पत्ता लगाउन, भूउपयोग क्षेत्र नक्सा बनाउन प्राविधिक जनशक्तिको निकै आवश्यकता छ ।

भूमि सम्बन्धी ऐनको आठौं संशोधनले पर्याप्त कानुनी आधार दिएको भए पनि वन सम्बन्धी ऐनसँग बाझिएको भनि सम्बद्ध अधिकारीहरू यस प्रक्रियामा सहभागी हुन आनाकानी गरिरहेका छन् । कतै निकुञ्ज प्रशासनले मध्यवर्ती क्षेत्रको जग्गा व्यवस्थापनमा समस्या ल्याइरहेको छ ।

बाँकी तेश्रो पृष्ठमा

# झट्का दिने निर्वाचन

**भागवत खनाल**

निर्वाचनको परिणामस्वरूप केही तारा झरे भने केहीको अभ्युदय भयो। अनाहकमा दम्भ प्रदर्शन गर्नेहरूले मिठो जवाफ पाए।
हालै सम्पन्न निर्वाचनले पनि पुराना नेताहरूको निर्णायक प्रभुत्व कायमै राख्यो। आधारभूतरूपमा यसले पनि उति धेरै भरोसा दिलाउन सकेन। तथापि यो निर्वाचनले उकुसमुकुसमा परेका जनतालाई थोरै सास फेर्ने मौका प्रदान गरेको छ। किञ्चित भए पनि राहत र सन्तुष्टि मिलेको छ। लोकतन्त्रका उज्याला पक्षहरू प्रकाशित र प्रदर्शित भएका छन्। प्रकट गरे पनि नगरे पनि यो निर्वाचनले पदासीन प्रधानमन्त्रीलाई असिनपसिन बनायो। मत गणनामा विजयी भए तापनि निर्वाचनको मूल मर्म र सिद्धान्तको हिसाबले यो उनको निर्मम पराजय हो।
कुनै साधन, स्रोत र सहाराबिना गुल्मीको गुमनाम युवक उनलाई ललकार्दै घरभित्रै छिर्‍यो। सम्पत्ति र शक्तिको नाममा त्यो युवकसँग हिम्मतबाहेक केही थिएन। आज राजनीतिक जीवनको यो मुकाममा वृद्ध नेताको व्यक्तित्वमा कठोर आघात पुगेको छ। काठमाडौंको निर्वाचन क्षेत्र नम्बर एकमा देउवाका राजनीतिक सहयात्री प्रकाशमान सिंहले हासिल गरेको भन्दा झन्डै दोब्बर मत प्राप्त गरेर त्यो युवक बडो सानसँग पूर्वतर्फ फर्कन सफल भएको छ। पर्यवेक्षकको नजरले हेर्दा यो देउवाका लागि कष्टदायी नैतिक पराभव हो।
यो निर्वाचनमा प्रकाशमान सिंह पनि जितेर हार्ने पात्र हुन्। उनका अति निकट प्रतिद्वन्द्वी रवीन्द्र मिश्र ज्यादा अस्थिर र अत्यन्तै मुखरित स्वभावले गर्दा पराजित हुन पुगे। उनी जुझारु र प्रतिभासम्पन्न व्यक्ति हुन्। किन्तु समयको पदचाप सुन्नुको बदला समयलाई आफ्नो पदचाप सुनाउन आतुर भए उनी। काठमाडौंमा प्रकाशमान सिंह जितेर हारे भने रवीन्द्र हारेरै हारे। दुवैको अवस्था खुब राम्रोसँग देखियो। यो निर्वाचनले नेकपा एमालेलाई पनि आफ्नो अवस्था देखाएर आकारमा राखिदियो। पूर्ण बहुमतका रुमानी महलहरू हेर्दाहेर्दै ढलेर ध्वस्त भए। परिणामले धेरै धाक धक्कु र अभिमान ठीक होइन भन्ने पाठ सिकाएको छ। उता एमालेलाई धुलोमा मिलाउने धम्की दिने पूर्वएमालेहरू आफैं धुलिसात भए। अनेकौं आन्तरिक गल्ति र वाह्य दबाबका कारण अपार क्षति व्यहोरे। तर पनि एमालेले हुलमुलमा ज्यान जोगाएको छ।
सम्पन्न निर्वाचनको परिणामस्वरूप केही तारा झरे भने केहीको अभ्युदय भयो। अनाहकमा दम्भ प्रदर्शन गर्ने केही उचक्काहरूले मिठो जवाफ पाए। मतदाताले ठूला दलमाथि सुदर्शन चक्र नचलाए पनि अश्रुग्याँसका गोला हानेर हम्मेहम्मे पारेका छन्। यो कारबाही नोकरीबाट बर्खास्त गर्ने बिभागीय सजाय होइन तापनि ठूलो नसिहत सहितको घटुवा हो। विशेष गरेर वयोवृद्ध नेताहरू सम्मानित 'नेतावृन्द' बन्न सकेनन्। निर्वाचनको तमाम सेरोफेरो जनअभिमत माग्नेमा भन्दा पनि आपसी उपहास र निन्दामा बित्यो। लज्जा ग्रन्थीको अवसान भएको हुँदा उनीहरूमा कुनै ग्लानी देखिँदैन। यद्यपि जनताको हृदयको प्रत्येक स्पन्दन भने अवश्य नै व्यथित र चोटग्रस्त छ।
केही हस्तीहरू पराजयको पीडामा मर्माहत होलान्। केही भने आच्छुआच्छु गर्दै धन्न जितियो बा ! भन्दै होलान्। यो निर्वाचनले प्रचलित पद्धतिभित्रै परिस्थिति परिवर्तन गर्ने गुन्जायस छ भन्ने देखाएको छ। परिवारवादीहरू झस्केका छन्। गठबन्धनका संयोजक र प्रभारीहरू अर्को दलको मत आफ्नो पक्षमा 'ट्रान्सफर' भएन भनेर दुःखी र आक्रोशित छन् रे। गठबन्धन नेताहरूले गरेका थिए। सार्वभौम जनमत गठबन्धनको पक्षमा थिएन। मतपत्रमा आफूले मन पराएको चुनाव चिन्ह गायब भएको पाउँदा जनताको चित्त दुखेको छ। एकातिर गठबन्धनका वामपक्षीय नेताहरू रुष्ट छन्, अर्कातिर कांग्रेसका गृहमन्त्रीको हरिबिजोग भयो। श्रीमान्-श्रीमती दुवैजना सदनमा छिर्ने स्वार्थी अभिलाषाका कारण पनि नेपाली कांग्रेसको समानुपातिकतर्फको मत घट्न गएको लख काट्न कठिन छैन। जनताले सबैलाई आआफ्नो औकात देखाइदिएका छन्।
आशा छ, आगामी प्रतिनिधि सभा तुलनात्मकरूपमा गहकिलो हुनेछ। खुलेआम मनपरी गर्न कठिन हुनेछ। हल्का टिप्पणी, उपहास र अनर्गल हँसीमजाकमा थोरै लगाम लाग्नेछ। पुराना दलमा पनि केही भरोसालाग्दा युवाको प्रवेश भएको छ। मै हुँ भन्ने कतिपय नेताहरू बल्लतल्ल झिनो मतको फरकमा जित्दा तोबा तोबा भएका छन्। भविष्यमा पैसाले मत किन्न मुस्किल हुने लक्षण देखिएको छ। केही अवाञ्छित अनुहारहरू हार्दा परोक्षरूपमा सम्बन्धित दललाई नै फाइदा पुगेको छ। पार्टीको सिट संख्या घट्ने जोखिम मोलेरै पनि हर्ताकर्ताहरूले आफूले नरुचाएका लोकप्रिय व्यक्तिहरूलाई टिकटबाट वञ्चित गरेका छन्। निषेधको यो प्रवृत्ति आलोचना र प्रश्नप्रतिको निर्मम असहनशीलता हो। यो मामिलामा नेकपा एमाले र नेपाली कांग्रेसले विशेष अपयश कमाएका छन्।
निर्वाचनले केही प्रश्नकर्ताहरूलाई उत्तर दिनुपर्ने स्थानमा पुर्‍याएको छ। यहाँ विषयहरू यसरी अल्झेका र मार्गहरू यसरी अवरुद्ध छन् कि संसद्भित्र छिरेपछि के गर्ने र कसो गर्ने भन्ने ठूलो अन्योल हुनेछ। नयाँ अनुहारहरूबाट जति आशा गरिएको छ, अपरिपक्वताको सम्भावना पनि उत्तिकै प्रबल छ। पहिलोपटक संसदमा पुग्ने पार्टीलाई राज्य सञ्चालनको चक्रब्यूह बुझ्न कठिन हुनेछ। सरकारमा जाँदा मन्त्रीले बाटो बिराउने डर छ भने नजाँदा पार्टीमा विग्रहको डर। राजनीतिमा सत्ताको लोभले उम्दा पात्रलाई पनि गलाउँछ। लोभरूपी दैत्य जाग्यो भने नयाँहरूलाई पनि खान बेर

बाँकी अन्तिम पृष्ठमा

## उठीबासले......

भूमि सम्बन्धी कानुनमै पनि सुकुम्बासी समस्या समाधानसँग जोडिएका विषय हल गर्नेबारे केही कानुनी अपर्याप्तता छ। तसर्थ आयोगले लगत लिँदै गर्दा संघीय सरकारले विद्यमान नीति, कानुन, नियमावली र आयोगको गठन आदेशको पर्याप्त समीक्षा गरी हालका अनुभवका आधारमा तिनमा परिमार्जन गर्नुपर्छ। समस्या समाधानका लागि स्थायी प्रकृतिको संरचना जरुरी छ। एउटा सरकारले बनाएको आयोग तोकिएको समयावधिअगावै अर्को सरकारले विघटन गर्न नसक्ने प्रावधान हुनुपर्छ।

काम नगर्ने पदाधिकारी एवं सदस्यहरू औचित्य साबित हुने गरी फेर्न सकिने तर आयोग नै विघटन गर्न अहिलेको गलत कार्यले समस्याको समाधान हुँदैन। आयोगका जिल्ला समितिहरूमा दरबन्दी थपेर भए पनि पूर्णकालीन समय दिन सक्ने गरी सदस्यहरूको व्यवस्थापन गर्नुपर्छ। आयोगको वर्तमान संरचनामा आफ्नो स्वामित्व नभएकाले प्रदेश सरकार निष्क्रियजस्तै छ, अब यो विडम्बनालाई पनि हटाउनुपर्छ।

सुकुम्बासी सम्बन्धी पृष्ठभूमि नबुझी, यसका जराहरू नकेलाई गरिने सतही टिप्पणीले समस्या चर्काउन मद्दत पुग्ला तर समाधान दिन सक्दैन।

यसले वर्षौंवर्षदेखि अन्यायमा परेका एवं भोक, रोग र सामाजिक अपहेलना बेहोर्दै आएका नागरिकहरूमा अझ पीडा मात्र थप्छ। यो समस्याको समाधान स्थानीय सरकारको अगुवाइमा विगतका अनुभवबाट पाठ सिक्दै सचेत ढंगले गर्न सम्भव छ।

यसका लागि पहिलो काम भनेको वास्तविक लगत तयार गरी स्थानीय तहबाट प्रमाणीकरण गराउनु र त्यसलाई कम्प्युटरीकृत प्रणालीमा अभिलेख गर्नु नै हो। यसका लागि सबै सरोकारवालाबाट सकारात्मक पहल र प्रयासको खाँचो छ।सभार : कान्तिपुर

## सत्तामोह....

(वेभ) का कारण पनि जन्मन्छन् राजनीतिक दलहरू। मधेश आन्दोलनको लहरले ल्याएका दलहरू खिइँदै गए पनि अझै आफ्ना भूमिका खेलिरहेकै छन्। यसपल्टको चुनावले केही नयाँ दल जन्माएको त छ तर तिनको जनाधार, जनताका आक्रोश र निराशा हेर्दा ती दलका नेताहरूले कसरी जनताका आकांक्षा पूरा गर्लान् र दलीय स्थायित्वका लागि योग्य होलान्, अहिल्यै केही भन्न सकिन्न।

नयाँ दलहरूले स्थायित्व पाएका उदाहरण धेरै छैनन्। पाकिस्तानमा जुल्फिकर अली भुट्टोले गठन गरेको पाकिस्तान पिपल पार्टी (पीपीपी) वा भारतका केही प्रमुख क्षेत्रीय दलबाहेक लोकप्रियतावाद वा आक्रोश वा निराशाले जन्माएका दलहरू चाँडै असान्दर्भिक भएका उदाहरण धेरै छन्। दलविशेषको अस्तित्व नेताको भूमिका, जनताको दृष्टिकोण, कार्यसम्पादन क्षमता र इमानदारीमा धेरै भर पर्छ। नेपालमा मधेशी दलहरूले मधेशका मुद्दा उठाउन र निर्णायक भूमिका खेल्न सके पनि नेताहरूको सत्तामोह, समर्पणवादी ढुलमुले नीतिले जनताको आशा र भरोसामा तुषारपात भएकाले ती दल दिन-प्रतिदिन खुम्चिरहेका छन्।

त्यसको विकल्प पनि त्यति आशालाग्दो छैन। मधेशमै उदाएको जनमत पार्टीको भावी भूमिका के हुन्छ, सत्ताको खेलमा नेताको कार्यशैली र इमानदारी कति टिक्छ, यकिन हुन समय लाग्छ। त्यस्तै, थरुहटमा नागरिक उन्मुक्ति पार्टी आएको छ, जसको शक्तिको स्रोत जेलजीवन बिताइरहेका रेशम चौधरी हुन्। यो दल विशुद्ध थारू समुदायमा आधारित भएकाले यसको उद्देश्य पनि सीमित क्षेत्र र समूहमा लक्षित छ। तर व्यापक सोच र सही रूपमा जनताको मुक्तिको काम गरे यो भोलि अरू क्षेत्र र समुदायको पनि दल बन्न सक्छ।

रेशम चौधरीको जेलजीवनपछिको राजनीति कस्तो हुन्छ र उनी शक्तिलिप्साबाट कति टाढा रहन सक्लान्, त्यसमा यो धेरै भर पर्छ। तर यस्ता समुदायले आफ्ना अधिकारका लागि दल बनाई हाँक दिन सक्नु लोकतन्त्र सबलीकरणका सन्दर्भमा सकारात्मक पक्ष हो।

अर्कातिर, राष्ट्रिय स्वतन्त्र पार्टीको उदय भएको छ। हुन त यसको जनाधार नागरिक उन्मुक्ति पार्टीको भन्दा अस्थिर हुन सक्छ किनभने यो बढी आक्रोश र निराशाले पैदा गरेको हुरीजस्तो हो जो अति क्षणिक हुन्छ। जब परिस्थिति स्थिर हुन थाल्छ अनि यो पार्टीलाई परिपक्वताको कसीमा हेर्न थालिन्छ।

रवि लामिछानेको पृष्ठभूमि सञ्चारकर्मीको हो। राजनीतिमा अनुभवै चाहिन्छ भन्ने त होइन, किनभने सिकाइको अभ्यास राजनीतिले पनि गराउँछ, तर लोकप्रियता पहिले प्रेम हुँदा र कालान्तरमा परिवार भएपछिको अवस्थाजस्तै हो।

प्रेम गरुन्जेल प्रेमीहरूले अनेक सपना देखेका हुन्छन् तर काल्पनिक रोमान्स सकिएपछि प्रेमीको भूमिका परिवर्तन हुन्छ र कतिपय अवस्थामा प्रेम जीवनको अन्त्य भई विछोड पनि हुन्छ। तर प्रेमको अर्को गहिरो र स्थायी स्वरूप पनि हुन्छ जसले वैवाहिक जीवनको सौन्दर्य र गहिराइलाई झल्काउँछ। राजनीतिमा लाग्नेहरू घामपानी, जेलनेल सबै परिस्थितिका लागि तयार हुनुपर्छ।

जोखिम र असजिलोपन आउनेवित्तिकै समर्पणवादी हुने हो भने राजनीतिज्ञ बन्न गाह्रो हुन्छ। त्यसैले गान्धीले भने, 'कातरले राजनीति गर्न सक्तैन। डरले मानिसलाई राजनीतिमा उँभो लाग्ने ठाउँ दिँदैन।'

आजको राजनीति पहिलेजस्तो जोखिमपूर्ण नभए पनि कर्तव्य र उत्तरदायित्वको ख्याल राख्नैपर्छ। लोकतान्त्रिक राजनीतिले साहस, इमानदारी, दृढता, धैर्य र जनमुखी हुने अटुट विश्वासको अपेक्षा गर्छ। यसकै अभावमा बेथिति बढेकाले, सिद्धान्त लोप हुँदै गएकाले, नेताहरू आत्मकेन्द्रित र लोभी भएकाले राजनीति धमिलो भई जनता विकल्प खोज्नपट्टि लागेका हुन्। नयाँ दलहरूले स्थापित लोकतन्त्रको संवर्द्धन र स्थायित्वका लागि प्रण गर्दै आफूहरूप्रतिको आशंका हटाई जनमानसलाई आश्वस्त पार्न सक्नुपर्छ।सभार इकान्तिपुर

## प्रतिनिधिसभा.......

**गरेको लगायतका जनगुनासो आए पनि नियमनकारी निकाय मौन भएर बसेका छन्। गोलबजारमा मात्रै करिब ३ दर्जनभन्दा बढी मापदण्ड नपुगेका अस्पताल, पोलिक्लिनिकहरू, ल्याबहरू सञ्चालनमा रहेको नगर स्वास्थ्य शाखाले जनाएको छ। स्वास्थ्य शाखा प्रमुख कर्णले क्लिनिकहरू धेरै खुलेका भए पनि केहीले अनुमतिको लागि कागजात पेस गरेका र चुनाव तथा जनप्रतिनिधिको व्यस्तताका कारण अनुगमन गर्न नसकिएको बताए। उनले भने, ...हामी योजना बनाउँदै छौं, अब तत्काल सबै स्वास्थ्य संस्थाहरूको अनुगमन गरी प्रकृया पुगेकाहरूलाई अनुमति दिने र कारबाही गर्ने प्रक्रियामा जान्छौं। जन स्वास्थ्य सेवा नियमावली अनुसार वार्षिक रुपमा नवीकरण फेल भएको ३ महिनाभित्र नवीकरण गर्नु पर्ने प्रावधान छ।**

**तर, गोलबजारमा दुई आर्थिक वर्षदेखि यसको कुनै काम भएको छैन। जिल्ला बाहिर दर्ता भए पनि नवीकरणसमेत नभएको उतिमलाल मेमोरियल अस्पताल प्रा.लि.समेत गोलबजारमा सञ्चालनमा आएको छ।**

**गोलबजार नगर स्वास्थ्य शाखामा नवीकरणका लागि फाइल पेस गरिएका गोलबजार हेल्थ केयर सेन्टर, अजय डेन्टल ,सगरमाथा मोडेल अस्पताल र एस पोलिक्लिनिक, भूमिजा हस्पिटलको करिब २ वर्षदेखि नवीकरण नै नगरिएको स्वास्थ्य शाखा प्रमुख कर्णले स्वीकारेका छन्।**

**उनले भन्ने, 'नगरभित्र सञ्चालनमा रहेको १२ वटा स्वास्थ्य संस्थाले फाइल पेस गरेको भए पनि अनुगमन हुन नसकेको बताए। जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम १२ ९१० मा कसैले पनि इजाजतपत्र नलिई गैरसरकारी, सरकारी वा गैरनाफामूलक सामुदायिक स्वास्थ्य संस्था सञ्चालन गर्न वा त्यस्तो संस्थाबाट स्वास्थ्य सेवा उपलब्ध गराउन नहुने उल्लेख भए पनि सिरहामा भने कानुनलाई लत्याउँदै सयौंको सङ्ख्यामा मापदण्डविपरीत अवैध रुपमा पोलिक्लिनिक, औषधि पसल, अस्पताल, र ल्याबहरू सञ्चालनमा रहेका छन्।**

## ज्यालादारी....

भरमा नियुक्त गरिएको समाचार प्रकाशित भएपछि उनीहरूको तलब रोक्का गरिएको हो।

केही महिनायता कार्यबाहक नगरप्रमुख ईसरत परविण, प्रमुख प्रशासकीय अधिकृत विनयकुमार सोनु र यसअघिका प्रमुख प्रशासकीय अधिकृत भोगेन्द्र यादवको तोक आदेशकै भरमा १० जनालाई दैनिक ज्यालादारीमा नियुक्ति दिइएको थियो।

यसअघि नै दैनिक ज्यालादारी र करारका कर्मचारीको भार थेग्न गाह्रो भइरहेको पालिकामा तोक आदेशकै भरमा दैनिक ज्यालादारीमा कर्मचारी नियुक्त गरिएपछि मासिक चार लाख रुपैयाँ व्ययभार थपिएको थियो।

'पहिलादेखिकै दैनिक ज्यालादारीको भार थेग्न नगरपालिकालाई संकट थियो, अहिले फेरि १० जना थपिएपछि आर्थिक व्ययभार थपिन गयो,' पालिकाका प्रमुख प्रशासकीय अधिकृत विनयकुमार सोनुले भने, '६० जनाभन्दा बढी दैनिक ज्यालादारी कर्मचारीको तलब सोमबारदेखि रोकिएको छ।'

पालिकामा १ सय ३० जना भन्दा बढी दैनिक ज्यालादारीमा कार्यरत छन्। 'केही ज्यालादारी कर्मचारी स्थायी कर्मचारीलाई पनि टेर्दैनन्,' उनले भने, 'नगर सफाइमा खटिएका स्विपर र चालकबाहेक करिब ६० जना दैनिक ज्यालादारीका कर्मचारीको तलब रोकेका छौं, उनीहरूलाई हटाउने तयारी गरिरहेका छौं।'

नगरपालिका स्रोतका अनुसार दैनिक ज्यालादारीका कर्मचारीमा मात्र नगरपालिकाको मासिक २० लाख रकम खर्च हुँदै आएको छ। 'दैनिक ज्यालादारीका कर्मचारीका लागि कात्तिक र मंसिर महिना तलब खुवाउन सोमबार लेखा शाखाबाट चेक आयो मैले रोकें,' अधिकृत सोनुले भने, 'आवश्यक नभएको कर्मचारी राखेर नगरपालिकालाई थप संकटतर्फ जान दिन्नँ।' ज्यालादारीका केही कर्मचारीले नियुक्तिअनुसारको काम गर्न पनि नजान्ने उनले बताए।

'दरबन्दीअनुसार कर्मचारी आवश्यक भए कि त खुल्ला प्रतिस्पर्धा गरिनुपर्‍यो वा लोकसेवा आयोगमा लेखी पठाउनुपर्‍यो,' सोनुले भने, 'संरचनागत रूपमा समायोजन भई कर्मचारीको पूर्ण सर्वेक्षण गरी मात्र खुल्ला प्रतिस्पर्धाद्वारा भर्ना गर्दा राम्रो हुनेछ।'

## प्रदेशमा........

प्रदेशका मुख्यमन्त्री राउतले बताए।

'प्रदेश सरकारलाई कर्मचारीको सहयोग प्राप्त भएन,' उनले भने, 'असहयोगका बीच समाज रूपान्तरण र प्रदेशमा दलित सशक्तीकरण योजना अगाडि बढाउन सफल भयौं।' यस अवधिमा प्रदेशले संघीयता कार्यान्वयसंग जोडिएका करिब ३ दर्जन कानुन र ऐन बनाएको छ।

मधेस सरकारको बेटी पढाउ, बेटी बचाउ, स्वच्छता अभियान, प्रदेश निर्वाचन क्षेत्रमा ५ किलोमिटर पक्की सडक, तीन विश्वविद्यालय स्थापनालाई उत्कृष्ट काम भनेर सत्तामा सहभागी दलले चुनावी एजेन्डा नै बनाए। तर, आर्थिक अनुशासन कायम गरी नयाँ बन्ने सरकारले यी योजनालाई निरन्तरता दिनुपर्ने बुद्धिजीवी बताउँछन्।

सर्लाहीका बुद्धिजीवी रजनीकान्त झाका अनुसार संघीयता कार्यान्वयनको एजेन्डामा मधेस सरकार अग्रगामी देखिए पनि विकास निर्माणमा भने आलोचित बनेको छ।

'प्रदेश सरकारको सबभन्दा कमजोरी सुशासन कायम गर्न नसक्नु नै हो,' उनले भने, 'तर, अधिकार खोस्न संघ सरकारसितको लडाइँ र सहिद परिवारलाई दिएको राहत र कार्यक्रम भने प्रशंसनीय छ।' कृषि क्षेत्रलाई मधेस सरकारले प्राथमिकतामा राख्नुपर्ने उनको तर्क छ। बेरोजगारी, अशिक्षा र चुरे संरक्षणमा नयाँ सरकारले ठोस नीति र कार्यक्रम ल्याउनुपर्ने झाले बताए।

विवादित भए पनि 'बेटी पढाउ, बेटी बचाउ अभियान' र स्वच्छता अभियान प्रदेशका लागि आवश्यक भएको मधेस प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष भोगेन्द्र झाले बताए।

'योजना कार्यान्वयन र स्वरूप परिवर्तन गरेर नयाँ सरकारले पुरानै योजनालाई सञ्चालन गर्नुपर्छ,' उनले भने। पहिलो सरकारले जनशक्ति र अनुभवको कमीका कारण अनुशासन कायम गर्न नसक्दा योजनाहरू सफल हुन सकेन,' उनले भने।

पहिलो प्रदेश सरकारले आधार स्थापना गरिसकेको र सरकारले गरेको गल्ती सुधार गरी पुरानै योजनालाई अगाडि बढाउन सक्ने सम्भावना रहेको उनले बताए।

सरकारले चलाएको स्वच्छता अभियानलाई बृहत् बनाउनुपर्ने, प्रत्येक निर्वाचन क्षेत्रमा ५ किलोमिटर पक्की सडकले प्रदेशको विकासमा फड्को मार्न सक्ने र तीन विश्वविद्यालयलाई सरकारले प्राथमिकतामा राख्नुपर्ने उनले बताए।

'पहिलो सरकारलाई अनुभव थिएन, तर अब बन्ने सरकार अनुभवी हुनेछ,' झाले भने, 'नयाँ सरकारलाई पनि कर्मचारी, राजनीति दल दुवैमा अनुशासन कायम गर्न चुनौती छ।' विकासको नाममा मधेस प्रदेश सरकारले सडक, सिँचाइ भवनलगायतका भौतिक संरचना मात्रै बनाएको छ।

नयाँ बन्ने सरकारले प्रदेशको विकासका लागि उद्योग कारखाना स्थापना र सामाजिक क्षेत्रको विकासमा जोड दिनुपर्ने बुद्धिजीवीहरू बताउँछन्।

मधेसका विद्यालय, क्याम्पस र स्वास्थ्य संस्था अलपत्र परेका छन्। निजी विद्यालय र अस्पतालमा पनि गुणस्तर छैन। राजनीतिक दलको स्वार्थका कारण विकास अलपत्र परेकोले नयाँ सरकारले शिक्षा, स्वास्थ्यमा सुधारका साथै सामाजिक सुरक्षाको प्रत्याभूति गराउनुपर्ने विश्लेषकहरूको भनाइ छ। मधेस प्रदेशमा प्रत्यक्षबाट ६४ र समानुपातिकतर्फ ४३ गरी १०७ जना प्रदेश सभा सदस्यमध्ये सरकार बनाउन ५४ सांसद चाहिन्छ।

# नयाँदिल्लीमा वायु प्रदूषणको तह 'गम्भीर'



वायु प्रदूषणका कारण धुम्मिएको भारतीय राजधानी नयाँदिल्लीको आकाश। तस्बिर : एपी

एजेन्सी

नयाँदिल्ली – भारतीय राजधानी नयाँदिल्लीमा वायु प्रदूषणको मात्रा 'गम्भीर तह' मा पुगेको छ। पछिल्ला केही दिनमा प्रदूषणको मात्रा बढ्दै गएको र आइतबार गरिएको मापनमा वायु 'गम्भीर' तहमा पुगेको बताइएको छ।

प्रदूषणको अवस्था भयावह बन्दै गएपछि कतिपय निर्माणसम्बन्धी कार्य, जलाउने या ध्वंस गर्ने कार्य तथा सडकमा भ्याकुम क्लिनरले सफा गर्ने काममा प्रतिबन्ध लगाइएको अधिकारीहरूले जनाएका छन्।

दिल्लीको वायु गुणस्तर व्यवस्थापन आयोग (सीएक्यूएम) ले आइतबार एक विज्ञप्ति जारी गर्दै प्रदूषण नियन्त्रणका लागि सतर्कता अपनाउन सबैसँग आग्रह गरेको छ। विज्ञप्तिमा नयाँदिल्लीमा वायु प्रदूषणको मात्रा गम्भीर तहमा पुगेकाले यसलाई कम गर्नका लागि आवश्यक सबै प्रकारका उपाय अपनाउन सरकारसँग आग्रह पनि गरिएको छ।

आयोगको आइतबार अपराह्न ४ बजेको रिपोर्टमा वायु प्रदूषणको मात्रा (एक्यूआई) गम्भीर तह अर्थात् ४०७ मा पुगेको देखाइएको छ। चिकित्सकहरूले त्यसलाई बालबालिका र वृद्धवृद्धाका लागि अत्यधिक खतरनाक अवस्था भनेका छन्।

दिल्लीको हालको प्रदूषित वायु दिनमा करिब ७/८ वटा चुरोट पिउनु बराबरको खतरनाक भएको जनाइएको छ। गुणस्तर सूचकांकमा ३ सयभन्दा माथि अवस्था मानव स्वास्थ्यका लागि धेरै खराब मानिएको छ। स्वास्थ्यकर्मीका अनुसार प्रदूषणकै कारण श्वासप्रश्वासमा समस्या, खोकी, नाकमा सिँगान बग्ने, आँखा चिलाउने, घाँटी दुख्नेजस्ता लक्षणहरू देखिएका छन्। घरबाहिर मात्रै होइन, घरभित्र पनि वायु प्रदूषणको असर देखिएको छ।

घरभित्र रहेकालाई पनि टाउको दुख्ने, आँखा चिलाउने, पानी आउने, छाती दुख्नेजस्ता समस्या देखिएको र त्यस्ता लक्षण देखिएका भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

एक्यूआई तह २०१ देखि ३ सयसम्म खराब, ३०१ देखि ४०० निकै खराब र ४०१ देखि ५ सयसम्मलाई गम्भीर अर्थात् घातक मानिएको छ।

प्रदूषित हावाले आम मानिसको स्वास्थ्यमा दीर्घकालीन प्रभाव पार्ने रोगहरू देखा पर्न सक्ने चेतावनी आउन थालेपछि दिल्ली सरकारले थप सावधानी अपनाएको हो।

चार साताअघि पनि दिल्लीमा वायु प्रदूषण निकै बढेपछि स्वास्थ्य संकटकालको घोषणा गरिएको थियो। बालबालिकालाई घरबाहिर निस्किनबाट रोक्न कक्षा ५ सम्मका विद्यालयहरू बन्द गरिएका थिए भने कर्मचारीका लागि घरबाटै काम गर्ने सुविधा दिइएको थियो। त्यसैगरी, ट्रक तथा डिजेलबाट चल्ने कार चलाउनसमेत रोक लगाइएको थियो। भारतको नयाँदिल्ली र आसपासका क्षेत्रमा प्रायः जाडो समय (नोभेम्बरदेखि फेब्रुअरी) सम्म वायु प्रदूषणको मात्रा बढ्ने गरेको पाइन्छ।

धान कटाइपछि गहुँ खेतीका लागि खेतमा रहेका धानको परालालाई जलाउने परम्परागत विधिका कारण दिल्लीमा बर्सेनि प्रदूषणको समस्या हुने गरेको छ।

# गाडी, मोबाइल र मदिराको आयात प्रतिबन्ध फुकुवा

काठमाडौं – सरकारले गाडी, मोबाइल, मदिरा र मोटरसाइकलको आयात प्रतिबन्ध फुकुवा गरेको छ।

पुसदेखि लागू हुनेगरी ती सामग्रीको आयात प्रतिबन्ध फुकुवा गर्ने निर्णय मंगलबारको मन्त्रिपरिषदले गरेको हो।

यसअघि आयातमा प्रतिबन्ध लगाइएका यी ४ प्रकारका वस्तुको आयात खुलाउने निर्णय मन्त्रिपरिषद बैठकले गरेको उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले जानकारी दिए। मुख्यसचिवको संयोजकत्वमा गठित कमिटीले आयातमा गरिएको बन्देज खुलाउन सिफारिस गरेको थियो, आजै बसेको मन्त्रिपरिषदको बैठकले उक्त प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरेको हो, मंसिर २९ पछि आयात खुल्ला' बडूले भने।

विदेशी मुद्रा सञ्चिति घटेपछि सरकारले वैशाख मध्यदेखि १० प्रकारका वस्तुको आयात प्रतिबन्ध लगाएको थियो।

तीमध्ये भदौमा ६ प्रकारका वस्तुको आयात प्रतिबन्ध खुलाई बाकी ४ प्रकारका बस्तुहरु सबै प्रकारका निजी चार पाङ्ग्रे सवारीसाधन, १५० सीसीमाथिका मोटरसाइकल, विदेशी तयारी मदिरा र ३ सय डलरमाथिका मोबाइल फोन आयात प्रतिबन्ध लगाएको थियो।

जि.हु.का. पर्सा द.न. १८६/०७८/७९ ज्योती जागरण दैनिक वि.सं. २०७९ मंसिर २१ गते बुधबार


# प्रदेशमा नयाँ सरकारलाई सुशासनको चुनौती




धनुषा – जनता समाजवादी पार्टी (जसपा) बाट मुख्यमन्त्री बनेका लालबाबु राउत नेतृत्वको प्रदेश सरकार कार्यकालभरि नै चर्चामा रह्यो ।

केन्द्र सरकारसँगको टसलका कारण चर्चामा रहेको राउतको ५ वर्षे कार्यकाल प्रदेश सरकारका योजनामा अनियमितताको आरोपका कारण विवादास्पद बनेको हो ।

त्यसैले नयाँ प्रदेश सरकारलाई सुशासनको चुनौती हुने विश्लेषकहरूले बताएका छन् ।

आफूले प्रदेश सरकारको कमान्ड सम्हालेदेखि नै संघीय सरकारको असहयोग र कर्मचारीको अरूचीका कारण काम गर्न नसकेको उनको गुनासो थियो ।

राउतले संघीयता कार्यान्वयनमा संघीय सरकार र निजामती कर्मचारीको अनिच्छा र असहयोग रहे पनि कानुन निर्माणमा प्रदेशले फड्को मारेको दाबी गरे । तर, यसबीचमा मधेस सरकारले उपभोक्ता समिति, साइकल खरिद र अन्य विकासका काममा भने अनियमितताको आरोप खेप्नु पऱ्यो ।

राउत सरकारको 'बेटी पढाउ, बेटी बचाउ' अभियानको सुरुवातमा प्रशंसा भए पनि त्यही अभियानअन्तर्गत खरिद गरिएको साइकलमा अनियमितता भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा नै चलाएको हो ।

सरकार सञ्चालन गर्न राजनीति दलबाट सहयोग प्राप्त हुदा अल्पमतमा परेर पनि प्रदेशको नाम र राजधानी तोक्न सफल भएको मधेश

बाँकी तेश्रो पृष्ठमा

# झट्का.....

छैन। सत्ताको भुलभुलैयामा सुरुसुरुमा हुने इमानको अभ्यास शनैः शनैः अभिनयमा परिणत हुने पनि खतरा छ।

अहिलेको मूल प्रश्न नै सत्य, न्याय र सदाचारलाई कसरी स्थापित गर्ने भन्ने हो। आफूले मन पराएका मानिसको हरेक दुष्कर्मको ढाकछोप गर्ने प्रवृत्ति मूल राजनीतिक नेतृत्वमा छ। 'सकेको गरिन्छ' भनेर खुलेआम गर्जना गर्ने लज्जाहीन पात्रहरू पनि सानसँग संसद्भित्र छिर्दैछन्।

गलत प्रवृत्तिको आलोचनाप्रति निर्वस्त्र अट्टहास गर्नेहरू अझै पनि पूर्णरूपेण निषेधित भएका छैनन्। यी सबै प्रवृत्ति हाम्रो संस्कृतिका अभिन्न आयाम हुन्। यो संस्कृतिभित्र नेपाली समाजको अनुहार देखिन्छ। अरूको औकात देखाइदिने क्रममा जनताले आफ्नो औकात पनि देखाएका छन्। यसबाट के स्पष्ट भएको छ भने ऐनामा आफ्नो अनुहार हेरेर लाज मान्ने जनमत घनीभूत हुन अझै केही समय लाग्नेछ। तथापि अबको सदनमा छिर्ने युवा पुस्ताका सामु लाज बिर्सेका पुराना खेलाडीहरूले अलि तलसम्म छोपिने गरी पोशाक लगाउन बाध्य हुने अनुमान गर्न कठिन छैन।

यो निर्वाचनमा राप्रपाले गरेको उन्नति र अभिवृद्धिलाई राजतन्त्रप्रति जनताको आस्था र निष्ठाको प्रतीकको रूपमा लिइएको पनि सुनियो। राप्रपा आफैं गणतन्त्रवादको बैशाखीमा उभिएको पार्टी हो। जसको बैशाखी त्यसैको विकल्प असम्भव कुरा हो।

हालको अवस्थामा राप्रपाले वैकल्पिक शक्तिको स्थान ओगट्ने सम्भावना क्षीण छ। यसले केवल एउटा सन्देश छाड्नेछ र परम्परागत शक्तिको पनि श्वासप्रश्वास चलिरहेको छ भन्ने संकेत मात्र दिनेछ। सायद यो नै राप्रपाको औकातको उच्चतम विन्दु हो। अत्यन्त छोटो समयमा राष्ट्रिय स्वतन्त्र पार्टीले जुन अवस्था देखाएको छ, त्यो नेपाली राजनीतिक खेल मैदानको कोसेढुंगो हो। नेपाली जनताले कहीँकतै चर्चामा नआएका गुमनाम र एकदमै युवा वयका उमेद्वारहरूलाई मतदान गरेर पुराना खेलाडीहरूको कद होचो पारिदिएका छन्। राजनीतिक खेलको व्यावहारिक अनुभव हासिल नगरेको एक जागरुक र केही गरौं भन्ने तीव्र अभिलाषा राख्ने युवकको नेतृत्वलाई आम जनताले भरोसा गरेको देखिएको छ। यो स्वस्थानी कथामा वर्णित हात्तीले माला लगाएर राजा बनाएको जस्तो घटना होइन। तथापि चुनौतीहरू धेरै छन्।

सत्ता निर्माणका सिलसिलामा रवि लामिछानेकहाँ पनि 'अफर'हरू आउनेछन्। राम्रोसँग संगठित हुन नपाउँदै सत्ताको बास्नाले वशीभूत हुनबाट जोगिन र जोगाउन कठिन छ। भ्रष्टाचारलाई शिष्टाचार मान्ने संस्कृति छ यहाँ। को कहाँनेर चालै नपाई लोभानीपापानीको जञ्जालमा फस्छ भनेर अनुमान गर्नै मुस्किल। रविका लागि सबैभन्दा चर्को चुनौती पार्टीलाई एक ढिक्का राख्नु हुनेछ। पार्टीलाई जोगाएर राख्न सके र सबैजना निष्कलंक रहे भने भविष्य उज्ज्वल छ। स्वतन्त्र पार्टी कुकामको प्रतिक्रियामा जन्मेको हो। ऊ आफू पनि त्यही कुकामको साक्षी र साझेदार बन्यो भने जनताको भरोसामाथि ठूलो कुठाराघात हुनेछ।

राजनीतिज्ञहरूको आआफ्नो 'प्रकार' हुन्छ। गगन थापा आन्दोलनले निर्माण गरेका प्रखर नेता हुन्। अहिले प्रधानमन्त्री पदको आकांक्षा राख्नासाथ उनीमाथि लाञ्छना र प्रश्नको ओइरो लागेको छ। उनले पार गर्नुपर्ने सत्तारोहणको बाटो बडो दुरुह र कण्टकमय देखिन्छ। रवि जनताको असन्तुष्टिले निर्माण गरेका अनुपम हस्तक्षेप हुन्। उनी व्यथित र स्वेच्छाचारविरुद्ध शान्त विद्रोहका नायक हुन्। अहिले भूमिका फेरिएको छ। भावुक उद्गार र आलोचनाले मात्र अब काम गर्दैन। माधव नेपाललाई मान्ने मानिस धेरै थिए। किन्तु उनमा 'पछि लागेर हिँड्दा मजा लाग्ने' खालको व्यक्तित्व रहेनछ। समयले उनलाई विश्राम गर्ने सन्देश दिइसकेको छ। प्रचण्ड विकराल इतिहास बोकेका पात्र हुन्। आज उनको करिश्माको समय सकिएको छ। तथापि हालको सन्दर्भमा पनि उनी र सत्तासम्म पुग्ने बाटोका माहिर बटुवा हुन्। रवीन्द्र मिश्र संसद्मा छिर्ने अति लालसाले गर्दा भयानक रूपमा अस्थिर भए। साह्रै हतारिलो स्वभावले गर्दा उनी आफैंले निर्माण गरेको संरचना भत्काउन पुगे। देउवा कम बोल्ने र देश एवं पार्टीबारे खासै चिन्ता नभएका नेता हुन्। उनको सत्तामुखी व्यवहारवाद अद्भुत छ। बाठा देखिनेहरू कुर्लिरहेका हुन्छन्। उता देउवा भने भित्रभित्रै प्वाल पार्नमा तल्लीन। सत्ताको लोभ गर्नेहरूका लागि उनको काख ज्यादै न्यानो छ।

केपी ओली चलाख र परम अध्ययनशील नेता हुन्। उनी वाणीमा निपुण र प्रवीण छन्। किन्तु त्यही वाणी कहिलेकाहीँ भारी भइदिन्छ। उनीमाथि साह्रै अभिमानी भएको आरोप छ। तर सायद यिनै विशेषताले नै उनी 'केपी ओली' भएका हुन्। समसामयिक राजनीतिमा आफ्ना प्रशंसकहरूलाई असीम माया दिने र संरक्षण गर्ने अनुपम नेता हुन् उनी। यतिका विशेषता हुँदाहुँदै पनि केपी ओली सत्ता मार्गका माहिर बटुवा भने होइनन्।

आगामी प्रतिनिधि सभा तुलनात्मकरूपमा गहकिलो हुनेछ। खुलेआम मनपरी गर्न कठिन हुनेछ। हल्का टिप्पणी, उपहास र अनर्गल हँसीमजाकमा थोरै लगाम लाग्नेछ। पुराना दलमा पनि केही भरोसालाग्दा युवाको प्रवेश भएको छ। **साभार अन्नपूर्णपोष्ट्**

# पाल्पाको चिर्तुङधारामा बिहेभोज खाएपछि बिरामी हुनेको संख्या १५० पुग्यो

**माधव अर्याल**

पाल्पा – मंसिर १७ गते बिहे भोज खाएपछि बिरामी परेका पाल्पा चिर्तुङधारा घोरबन्दाका सिंगो गाउँबस्तीका एक सय ५० बढी गाउँलेको उपचारका लागि बगनासकाली गाउँपालिकाले घरघरमा स्वास्थ्यकर्मी खटाएको छ।



पाल्पाको बगनासकाली गाउँपालिकाका-१, चिर्तुङधाराको घोरबन्दा क्षेत्रमा बिरामी जाँच गर्दै स्वास्थ्यकर्मी । तस्बिर : माधव अर्याल/कान्तिपुर

कतिपय बिरामी तानसेनका निजी मेडिकल, मिसन अस्पताल र लुम्बिनी मेडिकल कलेजमा उपचार गराएपनि अधिकांश गाउँमै भएकाले स्वास्थ्यकर्मी खटाएर उपचार सुरु गरेको हो । चिर्तुङधारास्थित बुढाखान्डे, भाङजेली, अम्रेली, पिपरटुङ, ढाडटोललगायत घोरबन्दा गाउँमा बढी समस्या देखिएको छ ।बगनासकाली गाउँपालिकाका-१, चिर्तुङधाराको घोरबन्दा क्षेत्रका झन्डै सय बढी घरपरिवारका १ सय ५० बढी तीन दिनयता बिरामी परेका हुन् ।बगनासकाली स्वास्थ्य शाखाका प्रमुख मणिराज अधिकारीका अनुसार बिरामीहरुलाई प्राथमिक उपचार, स्लाइन पानी चढाउने, जीवन जलका साथै आवश्यक औषधि वितरण गरिएको छ । तर गाउँमा वितरण गरेको औषधिले काम नगरेपछि कतिपय बिरामी तानसेनका निजी मेडिकल र मिसन अस्पताल, लुम्बिनी मेडिकल कलेजमा उपचारका लागि गएका छन् ।

बिरामी भएकाहरुमा ज्वरो आउने, पखाला लाग्ने, टाउको दुख्ने, वाकवाकी लाग्ने, वान्ता हुने लगायतका समस्या देखिएको छ । शनिबार बिहेमा भोज खाएपछि आइतबार, सोमबार र मंगलबारसम्म समस्या बढ्दै गएको स्थानीय पेमा रानाले बताइन् । पखाला नरोकिने, सुख्खापन आउने, ज्वरो आउने समस्या देखिएको उनले बताइन् । गाउँमै बिहेभोज खाएकाहरु सबैलाई यस्तो समस्या देखिएको स्थानीय मुक्ति बस्यालले बताए । बगनासकाली गाउँपालिकाले मिसन अस्पतालका डाक्टर सञ्जीव रावल, स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारीका साथै विभिन्न वडाका स्वास्थ्य शाखा प्रमुखलाई बिरामीको उपचारका लागि गाउँमा खटाएको छ ।पोखराथोक स्वास्थ्य चौकी प्रमुख सरोज काफ्ले, यम्घाका प्रमुख रामप्रसाद न्यौपाने, दर्लमडाँडाका प्रमुख रेश्मीराज न्यौपाने, खानीगाउँ प्रमुख जीवलाल बस्याल, चापपानीका प्रमुख मोहनलाल घिमिरे, नसिङ स्टाफहरु उमा भट्टराई, चम्पा ढुंगाना, लक्ष्मी बस्याल, ल्याब टेक्निसियन अधिकृत मधु भट्टराई लगायतको टोली गाउँमा उपचारका लागि खटिएको छ। गाउँपालिका अध्यक्ष सरस्वती चिदी, उपाध्यक्ष हरिप्रसाद पाठक, वडाध्यक्ष शेरबहादुर चिदी, कार्यपालिका सदस्य गीता रेग्मी लगायत वडासदस्यहरु पनि बिरामीको अवस्था बुझ्न गाउँमा खटिएको छ ।

बिरामीलाई स्लाइन पानी चढाउने, औषधि वितरण, जीवन जललगायत स्वास्थ्य शिक्षा दिइएको छ । पानीमा समस्या हो कि भन्ने स्थानीयको आशंका भएकाले स्वास्थ्य कार्यालयले पानीको जाँचका लागि समेत टोली खटाएको छ । बिहेमा झन्डै ४ सय निम्तालु आएको र त्यसमध्ये ९० प्रतिशत बिरामी भएको स्थानीयले बताएका छन् ।

चिर्तुङधारा स्वास्थ्य चौकी प्रमुख बस्याल, वडाध्यक्ष शेरबहादुर चिदीका साथै स्वास्थ्यकर्मी महेश ढुंगानाले सोमबार पनि घरघरमा पुगेर स्वास्थ्य अवस्थाबारे जानकारी लिएका थिए । धेरैजना बिरामी अत्तालिएर तत्काल मिसन अस्पताल, लुम्बिनी मेडिकल कलेजका साथै निजी अस्पतालहरुमा पुगेका छन् । स्वास्थ्यकर्मीले प्रशस्त पानी पिउन र नआत्तिन आग्रह गर्दै हिँडेका छन् ।**साभार इकान्तिपुर**

# उषा राई मृत्यु प्रकरण : हत्या आरोपमा ४ जना महिला पक्राउ



धरान – एकल महिलालाई कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले पक्राउ गरेका ४ महिलालाई मंगलबार सार्वजनिक गरेको छ । धरान-१३ स्थित धार्मिक मार्गमा डेरा गरी बस्ने ४२ वर्षीया एकल महिला उषा राईलाई कुटपिट गरेर हत्या गरेको आरोपमा प्रहरीले ४ जना महिलालाई पक्राउ गरी सार्वजनिक गरेको हो ।धरान-१३ बस्ने एकल महिला उषा राई हत्या आरोपमा पक्राउ परेका ४ महिला ।

कुटपिटपछि २८ र ८ वर्षीया छोरीका आमा उषाको मंसिर १३ गते उपचारकै क्रममा मृत्यु भएपछि मृतकका भाइ सुन्दर राईले किटानी जाहेरी दिएका थिए । सोही जाहेरीको आधारमा ४ जना पक्राउ गरिएको र अन्यको खोजी भइरहेको धरानस्थित इलाका प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक(डीएसपी) बुद्ध श्रेष्ठले जानकारी दिए । डीएसपी श्रेष्ठका अनुसार पक्राउ पर्नेहरुमा मुख्य आरोपी धरान-१३, सूर्य मार्ग बस्ने ५५ वर्षीया उर्मिला राई रहेकी छिन् । उर्मिलाले आफ्नो श्रीमान गोविन्द राईसँग उषा नजिकिएको भन्दै महिलाको समूह बटुलेर गत कात्तिक ३ गते कुटपिट गरेको आरोप लागेको छ । उनलाई मंसिर १५ गते पक्राउ गरिएको र १० दिनको म्याद थप गरिएको डीएसपी श्रेष्ठले बताए ।

कुटपिटपछि घाइते भएकी उषाको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको आईसीयूमा भर्ना गरेर उपचार गर्दा गर्दै मृत्यु भएपछि कुटपिटमा संलग्न अन्य तीन महिलालाई पनि पक्राउ गरिएको डीएसपी श्रेष्ठले बताए । उनका अनुसार मंसिर १६ गते सोही वडा बस्ने २६ वर्षीया सुमित्रा राई र धरान-१७ बस्ने २९ वर्षीया सुसेली राई र ४० वर्षीया रत्न लिम्बूलाई मंसिर १८ गते पक्राउ गरेर अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको छ । मृतक उषाको पछि दुई वर्षअघि मात्र मृत्यु भएको थियो । पतिको मृत्युपछि एउटा सिलाइ बुनाइको मेसिन किनेर दुई छोरीका साथ बाखापालन गर्दै सूर्यमार्गमा टेलर पसल सञ्चालन गरेर जीविका चलाउँदै आएकी थिइन् ।

प्रहरीले उक्त घटना भएको बेला खिचिएको भिडियोमा देखिएका महिलाहरुको पनि खोजी र अनुसन्धान भइरहेको जनाएको छ । उक्त घटनामा सिर्जना राई, मिना राई र निरकुमारी गुरुङको पनि संलग्नता रहेको भन्दै जाहेरी परेकोले उनीहरुको खोजी भइरहेको प्रहरीले जनाएको छ । तीन दिनअघि मात्र पोस्टमार्टम गरिए पनि रिपोर्ट भने आइसकेको छैन । पोस्टमार्टम रिपोर्ट आउन अझै एक साता लाग्ने बताइएको छ ।**साभार इकान्तिपुर**

सुचना सुचना सुचना

